apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २६३ ● पृष्ठः ४ ● २२ असोज २०८३ विहीबार (08 October 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## जिल्ला प्रशासन सिरहामा पार्किङ जग्गामा अनधिकृत संरचना

### वर्षौंदेखि होटल र फोटोकापी व्यवसायीहरुको व्यापार संचालनमा

**शुभ नारायण कामती**
**सिरहा, असोज २१ गते**



जिल्ला प्रशासन कार्यालय सिरहामा पार्किङको लागि उपलब्ध गराईएको जग्गामा अनधिकृत संरचना लामो समयदेखि निर्माण गरिएको छ।

सेवाग्राहीका सवारीसाधन पार्किङ गर्न टहरा निर्माण गर्नेगरी दिइएको सरकारी जग्गामा पक्की संरचना निर्माण गरी होटल र फोटोकपी व्यवसाय सञ्चालन भईरहेको छ। यसले सरकारी जग्गा प्रयोगसम्बन्धी सहमति र त्यसको कार्यान्वयनमाथि गम्भीर प्रश्न उठाएको छ। जिल्ला प्रशासन कार्यालय सिरहाले २०७९ चैत १३ मा कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहालाई पत्र पठाउँदै सेवाग्राही तथा कर्मचारीका सवारीसाधन पार्किङका लागि कार्यालय परिसरभित्रको पश्चिमपट्टिको भागमा टहरा निर्माण गर्न सहमति मागेको थियो। जिल्ला प्रशासन कार्यालयको उक्त पत्रअनुसार कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रहेको जग्गामा सवारीसाधन पार्किङका लागि प्रयोग गर्दै आएको थियो । व्यवस्थित पार्किङका लागि टहरा निर्माण आवश्यक भएको भन्दै प्रशासनले सहमति मागेको थियो । त्यसको भोलिपल्ट अर्थात् २०७९ चैत १४ मा कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्ला प्रशासनलाई सहमति उपलब्ध गराएको थियो। सहमतिमा कार्यालयलाई आवश्यक परेको अवस्थामा उक्त स्थान पुनः कोष तथा लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनुपर्ने उल्लेख गर्दै हाललाई सवारीसाधन पार्किङका लागि टहरा निर्माण गर्न सहमति दिइएको देखिन्छ।

बाँकी पृष्ठ ३ ▸▸

## मधेशमा चाडपर्व सुरक्षा कडा पारिँदै, ३३ दिनमा ७ हजार २२९ प्रहरी परिचालन



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २१ गते**

मधेश प्रदेशमा चाडपर्वलाई लक्षित गर्दै ३३ दिने विशेष सुरक्षा योजना लागू गरिने भएको छ । प्रदेशका आठवटै जिल्लामा सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउन ठूलो संख्यामा प्रहरी परिचालन गरिने भएको हो।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) प्रभुप्रसाद ढकालका अनुसार असोज २९ गतेदेखि कात्तिक ३० गतेसम्म

बाँकी पृष्ठ ४ ▸▸

## सिरहामा ब्राउन सुगरजस्तो पदार्थसहित दुई जना पक्राउ



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २१ गते**

सिरहामा प्रहरीले १४३.७४० ग्राम ब्राउन सुगरजस्तो देखिने खैरो पदार्थसहित दुई जनालाई पक्राउ गरेको छ।

सिरहा नगरपालिका-२१ पिपरा टोलमा प्रहरी चौकी लकडिगोठबाट खटिएको प्रहरी टोलीले बुधबार साँझ करिब ६ बजे चेकजाँचका क्रममा उनीहरूलाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार लकडिगोठबाट माडरतर्फ जाँदै गरेको स ८ प ६२९६ नम्बरको मोटरसाइकल रोकी चेकजाँच गर्दा चालक सिरहा नगरपालिका-१४ का १९ वर्षीय सतिस दासले लगाएको ज्याकेटको गोजीमा प्लास्टिकको पोकामा रहेको ब्राउन सुगरजस्तो देखिने गिलो पदार्थ फेला परेको थियो।

बाँकी पृष्ठ ४ ▸▸

## सिरहा वितरण केन्द्रमा (केवाईसी) भर्नेको भिड

### दैनिक २-३ सय ग्राहक आउँदै, हालसम्म १० हजारको विवरण संकलन

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज २१ गते**



नेपाल विद्युत् प्राधिकरण सिरहा वितरण केन्द्रमा ग्राहक पहिचान विवरण (केवाईसी) फाराम भर्न आउने ग्राहकको चाप बढेको छ। विद्युत् सेवासम्बन्धी सूचना अनलाइनमार्फत उपलब्ध गराउने तयारीसँगै ग्राहकको विवरण अद्यावधिक गर्न थालेपछि वितरण केन्द्रमा केवाईसी भर्न आउने ग्राहकको संख्या बढेको हो।

सिरहा वितरण केन्द्रका मिटर रिडिङ शाखा प्रमुख राघव यादवका अनुसार पछिल्लो समय दैनिक २ देखि ३ सय ग्राहक केवाईसी फाराम भर्न आउने गरेका छन्। सुरुवाती चरणमा फाटफुट रूपमा मात्र ग्राहक आउने गरे पनि अहिले कार्यालयमा नियमित रूपमा चाप बढेको उनले बताए।

सिरहा वितरण केन्द्रअन्तर्गत ५२ हजार ३ सय ३३ ग्राहक रहेका छन्। सबै ग्राहकको विवरण एकैपटक संकलन गर्न सम्भव नभएकाले मिटर रिडिङका लागि तोकिएको क्षेत्रअनुसार चरणबद्ध रूपमा केवाईसी विवरण संकलन भइरहेको यादवले बताए। उनका अनुसार हालसम्म करिब १० हजार ग्राहकको विवरण संकलन भइसकेको छ।

प्राधिकरणले मिटर रिडरमार्फत ग्राहकलाई केवाईसी फाराम उपलब्ध गराउँदै आएको छ। ग्राहकले फाराम घरमै भरेर वितरण केन्द्रमा बुझाउन सक्ने व्यवस्था गरिएको छ। फाराम भर्न समस्या हुने ग्राहकका लागि कार्यालयमै सहजीकरणको व्यवस्था गरिएको र त्यसका लागि २-३ जना कर्मचारी खटाइएको यादवले बताए।

केवाईसी फाराममा ग्राहकको तीनपुस्ते विवरण, मोबाइल नम्बर र जिमेल लगायतका विवरण समावेश गर्नुपर्नेछ। ग्राहकको विवरण अनलाइन प्रणालीमा प्रविष्ट भएपछि विद्युत् सेवा अवरुद्ध भएको तथा पुनः सञ्चालन भएको जानकारीलगायतका सूचना एसएमएसमार्फत उपलब्ध गराउने प्राधिकरणको तयारी छ।

बाँकी पृष्ठ २ ▸▸

## मधेशको शिक्षा क्षेत्रको सुधारका लागि प्रतिवेदन पेस गर्न राजर्षि जनक विश्वविद्यालयलाई मन्त्री पोखरेलको निर्देशन

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज २१ गते**



शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले मधेश प्रदेशको शिक्षा क्षेत्रका समस्या पहिचान गरी समाधानका उपायसहित मन्त्रालयमा पेस गर्न राजर्षि जनक विश्वविद्यालयलाई निर्देशन दिएका छन्।

बुधवार धनुषामा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री पोखरेलले यस्तो निर्देशन दिएका हुन्।

हाल शिक्षा ऐन निर्माणको प्रक्रिया अघि बढिरहेको उल्लेख गर्दै उनले मधेशको शिक्षा क्षेत्रमा रहेका समस्या खोज तथा अध्ययनमार्फत पहिचान गर्न विश्वविद्यालयलाई आग्रह गरे। विश्वविद्यालयहरू पढ्ने र पढाउने काममा मात्र सीमित नभई सम्बन्धित क्षेत्रका समस्या पहिचानका लागि अध्ययन तथा अनुसन्धानमा लाग्नुपर्नेमा उनले जोड दिए। मधेश प्रदेशमा शिक्षाको गुणस्तर सुधारका लागि सरकार गम्भीरताका साथ

बाँकी पृष्ठ ३ ▸▸




## सिरहा जिल्लामा सुशासन कायम गर्न दृढ छु: प्रजिअ प्रसाई

### सरकारी कार्यालयहरु विचौलियामुक्त बनाउने, विकास निर्माणको कार्यमा सहजीकरण गर्ने

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, असोज २१ गते**



सिरहाका नवनियुक्त प्रमुख जिल्ला अधिकारी (प्रजिअ) शान्तिराज प्रसाईले जिल्लामा शान्ति, सुरक्षा र सुशासन कायम गर्न आफू दृढ रहेको बताएका छन्।

जिल्ला प्रशासन कार्यालय सिरहामा ६०औं प्रमुख जिल्ला अधिकारीका रूपमा असोज १९ गतेदेखि कार्यभार सम्हालेका प्रसाईले सिरहा जिल्लाका सञ्चारकर्मीहरुसँगको छलफलमा जिल्लाको समग्र शान्ति-सुरक्षा, सार्वजनिक सेवा प्रवाह तथा सुशासनलाई प्रभावकारी बनाउन प्राथमिकताका साथ आफूले काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

प्रजिअ प्रसाईले सेवाग्राहीलाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउने तथा प्रशासनप्रति नागरिकको विश्वास थप मजबुत बनाउने आफ्नो मुख्य प्राथमिकता रहेको बताएका छन्। उनले जिल्लामा शान्ति-सुरक्षा कायम गर्न सुरक्षा निकाय, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज तथा सञ्चार क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

आफ्नो मुख्य प्रतिबद्धताहरुमा शान्ति सुरक्षा कायम गर्ने, जिल्ला प्रशासन कार्यालय र अन्य कार्यालयबाट प्रवाह गरिने सेवा प्रभावमा सुधार गर्ने, सरकारी कार्यालयहरु विचौलियामुक्त बनाउने, चोरी तस्करी, लागुऔषधको ओसारपोसार नियन्त्रणमा लिन भूमिका खेल्ने उनले जनाएका छन्। त्यसैगरी राजमार्गको संवेदनशील क्षेत्रलाई ध्यानमा सवारीसाधन आवगमन गर्न सहजीकरण गर्ने, जिल्लाका विकास निर्माणको कार्यमा सहजीकरण गर्दै विकास निर्माणलाई अघि वढाउन भूमिका खेल्ने उनले बताएका छन्।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# विवादमा मन्त्रीको अनुगमन

## मन्त्रीको अनुगमन शैलीलाई लिएर महोत्तरीमा व्यवसायी र प्रशासनबीच विवाद बढेको छ ।

**वीरेन्द्र रमण**



मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो बुधबार महोत्तरीको सदरमुकाम जलेश्वरमा बजार अनुगमनका लागि पुगे। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरको टोलीसहित अनुगमनमा पुगेका मन्त्री महतोले दुईवटा पसललाई ५०-५० हजार रुपैयाँ जरिवाना गर्न निर्देशन दिए। एउटा होटलमा बिक्रीका लागि राखिएको मिठाईमा किरा भेटिएको भन्दै उनले उक्त मिठाई नष्ट गर्नसमेत निर्देशन दिए।

अनुगमनका क्रममा मन्त्रीको कार्यशैलीलाई लिएर व्यवसायी र मन्त्रीबीच विवादको अवस्था सिर्जना भएको थियो। व्यवसायीले मन्त्रीको शैलीप्रति आपत्ति जनाउँदै पसल बन्द गरेर विरोध गरेपछि जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्रसमेत बुझाएका छन्।

**अनुगमनको शैलीमा आपत्ति**

जलेश्वरका व्यवसायीले प्रमुख जिल्ला अधिकारीलाई बुझाएको ज्ञापनपत्रमा मन्त्री महतोको नेतृत्वमा दलबलसहित गरिएको अनुगमनले व्यवसायीलाई त्रसित बनाएको आरोप लगाएका छन्। "मन्त्रीको अगुवाइमा राज्य आतंक मच्चाउने गरी दलबलसहित अनुगमनका नाममा व्यवसायीलाई तर्साउने र प्रहरी लगाएर धम्काउने शैलीप्रति हाम्रो घोर आपत्ति छ," ज्ञापनपत्रमा भनिएको छ।

व्यवसायीले अनुगमनका क्रममा वस्तुको गुणस्तर परीक्षणका लागि प्रयोगशाला जाँचको प्रक्रिया अपनाउनुपर्नेमा त्यसो नगरी तत्काल कारबाही गरिएको दाबी गरेका छन्। होटल व्यवसायीले ताजा बनाएको मिठाईसमेत नष्ट गर्न खोजिएको भन्दै उनीहरूले प्रयोगशाला परीक्षणको माग गरेका छन्।

व्यवसायीका अनुसार गुणस्तरीय सामानलाई समेत गुणस्तरहीन भन्दै नष्ट गर्न लगाउने, अनावश्यक जरिवाना गर्ने तथा विरोध गर्ने व्यवसायीलाई पक्राउ गर्ने चेतावनी दिने कार्य स्वीकार्य हुन सक्दैन। व्यवसायीले यस्तो व्यवहारको विरोध गर्दै आफ्ना माग पूरा नभए चरणबद्ध रूपमा आन्दोलनमा जाने चेतावनीसमेत दिएका छन्।

**यसअघि पनि विवादमा अनुगमन**

मन्त्री महतोको बजार अनुगमनलाई लिएर यसअघि पनि विवाद भएका घटना सार्वजनिक भएका छन्। ७ साउनमा महोत्तरीको बर्दिवासस्थित विभिन्न होटलमा अनुगमन गर्ने क्रममा मन्त्री महतो र नाव्या होटलका सञ्चालक सुधीर अग्रवालबीच विवाद भएको थियो। विवादपछि अग्रवाललाई प्रहरीले पक्राउ गरेको थियो।

व्यवसायीहरूले अनुगमनका नाममा व्यवसायीलाई अपराधीसरह व्यवहार गर्ने, सार्वजनिक रूपमा बदनाम गर्ने तथा अनावश्यक धरपकड गर्ने शैलीले व्यावसायिक वातावरण प्रभावित भएको बताएका छन्। गत साता जनकपुरधामका केही मासु पसलमा गरिएको अनुगमनका क्रममा करिब १० जना व्यवसायीलाई मन्त्रीको निर्देशनपछि प्रहरीले नियन्त्रणमा लिएको र केही समयपछि छाडिएको व्यवसायीको दाबी छ।

यसअघि करिब चार महिनाअघि पनि मन्त्री महतो जनकपुरधामका विभिन्न चोकमा सडकपेटी तथा फुटपाथ अतिक्रमण हटाउन आफैं सडकमा निस्किएका थिए। केही समय सडकपेटी खाली गरिए पनि अहिले पुनः पुरानै अवस्था देखिएको व्यवसायीको भनाइ छ।

पेठिया बजारमा समेत कृषि बजार व्यवस्थित गर्ने भन्दै व्यापारीका सामान हटाइएको र पछि बजार व्यवस्थित गर्ने घोषणा गरिएको व्यवसायी बताउँछन्। तर, त्यसअनुसार काम अघि नबढेको उनीहरूको गुनासो छ। व्यवसायीहरूले मन्त्री महतोले अनुगमन तथा सडकपेटी हटाउने क्रममा मिडियामा प्रचार हुने गरी सक्रियता देखाउने तर त्यसपछि निरन्तरता नदिने गरेको आरोप लगाएका छन्।

**संग्रहालय अनुगमनमा पनि विवाद**

मन्त्री महतोको अनुगमनलाई लिएर असार २८ गते जनकपुरधामस्थित जानकी मन्दिरअन्तर्गत सञ्चालित संग्रहालय र विवाहमण्डप (मरवा) को अनुगमनका क्रममा पनि विवाद भएको थियो।

अनुगमनका क्रममा प्रवेश शुल्क व्यवस्थापन पारदर्शी नभएको आशंका व्यक्त गर्दै नगद रकम तथा सम्बन्धित कागजात नियन्त्रणमा लिइएको थियो। घटनापछि संग्रहालय दुई दिन बन्द भएको थियो।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले मन्त्री महतोको अनुगमन शैलीमाथि प्रश्न उठाएका थिए। उनले कानुनी प्रक्रिया पूरा नगरी अनुगमन गरिएको तथा धार्मिक संस्थाको नियमित काम प्रभावित भएको आरोप लगाएका थिए।

**व्यवसायीको गुनासो, मन्त्रीको जवाफ**

जलेश्वर उद्योग वाणिज्य संघका महासचिव राजकुमार पूर्वेले मन्त्रीको अनुगमन शैलीले व्यवसायीलाई त्रसित बनाउने गरेको बताए। जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले पनि अनुगमन गर्ने शैली उचित नभएको बताए। उनले व्यवसायीलाई अभद्र व्यवहार गर्ने, रिपोर्टबिनै पक्राउ गर्ने वा जरिवाना गर्ने जस्ता निर्देशन स्वीकार्य नहुने बताए।

"अनुगमन गर्दा ऐनले तोकेको प्रक्रिया र अधिकारको ख्याल गर्नुपर्छ। मन्त्रीको व्यवहार र शैलीले प्रश्न उठाएको छ," भण्डारी भन्छन्। यता खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरका प्रमुख विमल दाहालले मन्त्री महतो अनुगमनमा सहभागी हुने गरेको र कार्यालयले त्यसलाई सहजीकरण गर्ने गरेको बताए। अनुगमनका लागि मन्त्रीको अधिकारसम्बन्धी विषय भने सम्बन्धित कानुनी व्यवस्थाअनुसार हेर्नुपर्ने उनको भनाइ छ।

मन्त्री महतोले भने नाफा कमाउने नाममा सर्वसाधारणको स्वास्थ्यसँग खेलबाड गर्ने होटल तथा व्यवसायीलाई कुनै पनि हालतमा नछाड्ने बताएका छन्। उनले दोषी भेटिए कडा कानुनी कारबाही गरिने बताए। महतोका अनुसार बजार अनुगमनका लागि स्थानीयबाट समेत दबाब आउने गरेको छ। "जनताको मन्त्री भएकाले जनताको पक्षमा काम गरिरहेको छु" उनी भन्छन्।

**अनुगमनको अधिकार कसको ?**

बजार अनुगमनमा विभिन्न सरकारी तथा नियामक निकायको भूमिका रहने व्यवस्था छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र मातहतका कार्यालयले खाद्य वस्तुको गुणस्तर, उपभोग्य मिति तथा मिसावटलगायत विषयमा अनुगमन गर्छन्।

जिल्ला प्रशासन कार्यालयले प्रमुख जिल्ला अधिकारी वा सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला तहमा नियमित तथा चाडपर्वलक्षित संयुक्त बजार अनुगमन टोली परिचालन गर्न सक्छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले कालोबजारी, कृत्रिम अभाव, मूल्य वृद्धि तथा उपभोक्ता अधिकार हननलगायत विषयमा अनुगमन र कारबाही गर्छ।

त्यस्तै स्थानीय तहले आफ्नो क्षेत्रभित्रका होटल, रेस्टुरेन्ट, पसल तथा खाजाघरको अनुगमन गर्ने जिम्मेवारी पाउँछन्। स्थानीय तह र अन्य सम्बन्धित निकायको समन्वयमा संयुक्त बजार अनुगमनसमेत हुने गरेको छ।

चाडपर्व वा विशेष समयमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रशासन, स्थानीय तह, नेपाल प्रहरी तथा अन्य सरोकारवाला निकायको सहभागितामा संयुक्त टोली बनाएर बजार, होटल तथा पसलको निरीक्षण गर्ने गरिएको छ।

अनुगमनका क्रममा कैफियत भेटिएमा सम्बन्धित कानुनअनुसार म्याद नाघेका वा अखाद्य सामग्री नष्ट गर्ने, जरिवाना गर्ने तथा आवश्यक अवस्थामा व्यवसाय बन्द वा सिल गर्नेसम्मका कारबाही हुने व्यवस्था छ। मन्त्री महतोको पछिल्लो अनुगमनलाई लिएर व्यवसायी र सरकारी निकायबीच देखिएको विवादले भने बजार अनुगमनको अधिकार, प्रक्रिया र कार्यशैलीबारे पुनः बहस सिर्जना गरेको छ।

# सम्पादकीय...

## विशेष सुरक्षा योजना र सुरक्षित मधेश

मधेश प्रदेश प्रहरीले चाडपर्वलाई लक्षित गर्दै ३३ दिने विशेष सुरक्षा योजना लागू गर्ने तयारी गरेको छ। असोज २९ गतेदेखि कात्तिक ३० गतेसम्म प्रदेशका आठवटै जिल्लामा ७ हजार २२९ प्रहरी परिचालन गर्ने योजना अघि वढाएको छ। यो सकारात्मक र आवश्यक कदम हो। चाडपर्वका समयमा मानिसको आवतजावत बढ्ने, बजार तथा सार्वजनिक स्थानमा भीडभाड हुने, सीमा क्षेत्रमा गतिविधि बढ्ने, चोरी, लुटपाट, तस्करी तथा अन्य आपराधिक घटना हुनसक्ने जोखिमलाई ध्यानमा राखेर प्रहरीले विशेष सुरक्षा रणनीति अघि सार्नु राम्रो हो। विशेष सुरक्षा योजनामा क्यूआरटी, स्ट्राइकिङ टोली, ट्राफिकसहितको चेकिङ, मोबाइल तथा पैदल गस्ती, पिकेट, राजमार्ग स्कर्टिङ, यात्रु सहायता कक्ष, सीमा सुरक्षा, धार्मिक तथा पर्यटकीय स्थलको सुरक्षा, बजार अनुगमन तथा कर्डन-सर्चलगायतका व्यवस्था पनि योजनामा समेटिएको छ। यसले प्रहरीले सम्भावित सुरक्षा चुनौतीलाई बहुआयामिक रूपमा सम्बोधन गर्न खोजेको देखिन्छ।

चाडपर्वका लागि बनाइने विशेष सुरक्षा योजनाले मधेश प्रदेशलाई दीर्घकालीन रूपमा सुरक्षित बनाउन सक्दैन्। मधेश प्रदेशमा सुरक्षा चुनौती चाडपर्वमा मात्र उत्पन्न हुँदैन्। खुला सीमा, सीमा अपराध, चोरी-तस्करी, लागुऔषध कारोबार, अवैध ओसारपसार, हिंसा, आपराधिक समूहको गतिविधि, साइबर अपराध तथा विभिन्न सामाजिक विवाद नियमित रूपमा देखिन सक्ने चुनौती हुन्। चाडपर्वका बेला यी गतिविधिको जोखिम बढ्न सक्छ, तर बाँकी समय जोखिम समाप्त हुँदैन्। त्यसैले प्रहरीको सक्रियता ३३ दिनमै सीमित हुनुहुँदैन्। विशेष सुरक्षा योजनालाई एउटा अवसरका रूपमा लिनुपर्छ। यस अवधिमा परिचालन हुने जनशक्ति, प्रविधि, गस्ती प्रणाली, सूचना संयन्त्र र सीमा निगरानीलाई प्रभावकारी बनाउँदै त्यसलाई वर्षभरि निरन्तर सञ्चालन हुने सुरक्षा व्यवस्थाको आधार बनाउन आवश्यक छ। सीमा क्षेत्रमा प्रहरीको उपस्थिति नाकामा चेकजाँच गर्ने तहमा सीमित हुनुहुँदैन्। सीमा अपराध नियन्त्रणका लागि प्रहरी, सशस्त्र प्रहरी, भन्सार, स्थानीय प्रशासन तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय आवश्यक छ। अपराधीले सुरक्षा निकायबीचको कमजोरी र समन्वयको अभावबाट फाइदा उठाउने अवस्था अन्त्य गर्नुपर्छ।

अपराध नियन्त्रणको सबैभन्दा प्रभावकारी आधार सूचना र अनुसन्धान हो। घटना भएपछि मात्र प्रहरी परिचालन गर्नेभन्दा अपराध हुनुअघि नै सम्भावित जोखिम पहिचान गर्ने, आपराधिक गतिविधिमा संलग्न व्यक्तिको निगरानी गर्ने र स्थानीयस्तरबाट प्राप्त सूचनालाई व्यवस्थित रूपमा विश्लेषण गर्ने प्रणाली बलियो बनाउनुपर्छ। प्रहरीको गस्ती देखिने मात्र होइन, अपराधीले प्रहरीको निगरानीबाट उम्कन नसक्ने वातावरण सिर्जना गर्नुपर्छ। मधेशका ग्रामीण तथा सहरी दुवै क्षेत्रमा प्रहरी-समुदाय सम्बन्ध पनि उत्तिकै महत्वपूर्ण छ। नागरिकले प्रहरीलाई डरको होइन, भरोसाको संस्थाका रूपमा अनुभूति गर्न सकेमा अपराध नियन्त्रणमा ठूलो सहयोग पुग्छ। त्यसका लागि प्रहरीको व्यवहार, जवाफदेहिता र सेवाप्रवाहमा सुधार आवश्यक छ। उजुरी लिन आनाकानी गर्ने, राजनीतिक वा अन्य दबाबमा अनुसन्धान प्रभावित हुने तथा पीडितले न्यायका लागि भौंतारिनुपर्ने अवस्था अन्त्य हुनुपर्छ।

मधेश प्रदेश आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा अत्यन्त महत्वपूर्ण प्रदेश हो। यसको समृद्धि र विकासका लागि शान्ति तथा सुरक्षा आधारभूत आवश्यकता हो। उद्योग, व्यापार, पर्यटन, कृषि, सीमावर्ती कारोबारदेखि नागरिकको दैनिक जीवनसम्म सुरक्षा वातावरणले प्रत्यक्ष प्रभाव पार्छ। असुरक्षाको वातावरणले लगानी, व्यवसाय र सामाजिक विश्वास सबैलाई कमजोर बनाउँछ। त्यसैले अहिलेको ३३ दिने विशेष सुरक्षा योजना स्वागतयोग्य भएपनि यसलाई मौसमी अभियानमा सीमित गर्नु हुँदैन्। मधेशलाई सुरक्षित प्रदेश बनाउने हो भने विशेष सुरक्षा अभियान वर्षभरि कायम रह्ने संस्थागत सुरक्षा रणनीतिमा रूपान्तरण गर्नुपर्छ। प्रहरीको सक्रियता चाडपर्व आउँदा मात्र होइन, सामान्य दिनमा पनि उत्तिकै प्रभावकारी देखिनुपर्छ। त्यसैले सुरक्षित मधेश प्रदेश बनाउनु पर्छ। यसमा प्रदेश सरकार, स्थानीय तह, प्रशासन, सुरक्षा निकाय, नागरिक समाज, सञ्चारमाध्यम र आम नागरिकबीचको सहकार्य पनि जरुरी छ। प्रहरीले नेतृत्वदायी भूमिका निर्वाह गर्दै अनुसन्धान र नागरिकमैत्री सेवालाई आफ्नो नियमित कार्यसंस्कृति बनाउनुपर्छ। मधेशलाई चाडपर्वमा मात्रै सुरक्षित होइन, वर्षका ३६५ दिन नै सुरक्षित प्रदेश बनाउने लक्ष्य अबको सुरक्षा नीतिको केन्द्रमा हुनुपर्छ। विशेष सुरक्षा योजना त्यस दिशातर्फको सुरुवात बन्न सके मात्रै यसको वास्तविक अर्थ हुनेछ।

## सिरहा वितरण केन्द्रमा (केवाईसी) ...........

प्राधिकरणका अनुसार केवाईसी फाराम भर्न कुनै शुल्क लाग्दैन। फाराम वितरण केन्द्रबाट निःशुल्क उपलब्ध गराइएको छ। कार्यालयमा आएर फाराम भर्ने ग्राहकले लालपुर्जा, नागरिकताको प्रतिलिपि र उपलब्ध भए राष्ट्रिय परिचयपत्र साथमा ल्याउनुपर्ने व्यवस्था गरिएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# आजको राशिफल

**मेष :** दैनिक योजनाहरू व्यवस्थित गर्दै अघि बढ्नुपर्ने दिन छ। परिवारका सदस्यहरूसँगको सम्बन्ध सुमधुर बन्नेछ।

**बृष :** पढाइलेखाइमा गरेको मेहनतले भविष्यमा सकारात्मक नतिजा दिलाउनेछ।

**मिथुन :** पारिवारिक वातावरण र आन्तरिक सुख-सुविधामा केही खर्च बढ्न सक्छ।

**कर्कट :** आत्मविश्वास उच्च रहने हुनाले कार्यक्षेत्रका कठिन कार्यहरू पनि सहजै सम्पन्न हुनेछन्।

**सिंह :** खानपानमा विशेष ध्यान दिएर आफ्ना स्वास्थ्य अनुकूल राख्ने प्रयास गर्नुहोस्।

**कन्या :** कला, साहित्य वा बौद्धिक क्षेत्रमा संलग्न व्यक्तिहरूले विशेष सम्मान प्राप्त गर्नेछन्।

**तुला :** व्यापार व्यवसायमा सोचेजस्तै लाभ मिल्नेछ र नयाँ योजनाहरू कार्यन्वयन गर्ने उपयुक्त अवसर प्राप्त हुनेछ।

**वृश्चिक :** अचानक धन लाभ हुने योग रहेको छ तर गोपनीयता कायम राख्न आवश्यक छ।

**धनु :** भाग्यले पूर्ण साथ दिने हुनाले धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ।

**मकर :** कार्यक्षेत्रमा नयाँ जिम्मेवारीहरू थपिन सक्नेछन्, जसले गर्दा केही व्यस्तता र मानसिक थकान महसुस हुन सक्छ।

**कुम्भ :** सामूहिक कार्य वा व्यापारिक साझेदारीबाट राम्रो फाइदा लिन सकिनेछ।

**मीन :** स्वास्थ्यमा केही सामान्य समस्या देखिए पनि दैनिक कार्यहरू खासै प्रभावित हुने छैनन्।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# ठेक्का म्याद सकिन तीन महिना बाँकी, मधेश कृषि विश्वविद्यालय भवनको काम ४५ प्रतिशत मात्रै

**अपन दैनिक संवाददाता**
**राजविराज, असोज २१ गते**

मधेश प्रदेश सरकारको गौरव आयोजनाका रूपमा राजविराजमा स्थापना भएको मधेश कृषि विश्वविद्यालयको भवन निर्माणको समयसीमा सकिन लाग्दासम्म ४५ प्रतिशत मात्रै काम सम्पन्न भएको छ।



मधेश सरकारका प्रथम मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको तत्कालीन सरकारले स्थापना गरेको यो विश्वविद्यालयका लागि राजविराज नगरपालिकाले वडा १३ स्थित विषहरियामा २६ बिघा ८ कट्ठा १८ धुर जग्गा उपलब्ध गराएको थियो। विषहरियास्थित भवन निर्माणस्थललाई 'कृषि नगर' नामकरण गरी विभिन्न संरचना निर्माणका लागि १ अर्ब ७० लाख रुपैयाँमा ओम साईराम कन्स्ट्रक्सनले ठेक्का पाएको हो।

ठेक्का अन्तर्गत कुलपति, सहकुलपति, उपकुलपति र रजिस्ट्रारका कार्यकक्षसहितको मुख्य प्रशासनिक भवन, सुविधासम्पन्न कक्षाकोठा भवन, प्रयोगशाला र छात्रावासलगायतका संरचना निर्माण भइरहेका छन्। तर, विगतमा प्रदेशमा देखिएको राजनीतिक खिचातानी, पटक-पटकको सरकार तथा मन्त्री परिवर्तन र विश्वविद्यालयप्रति पर्याप्त ध्यान नपुग्दा निर्माण कार्यले गति लिन सकेन। बजेट विनियोजनमा समेत उदासीनता देखिँदा भवन निर्माणको काम लक्ष्यअनुसार अघि बढ्न नसकेको हो।

७ माघ २०८० मा सम्झौता भएको उक्त ठेक्काको अन्तिम म्याद ७ माघ २०८३ सम्म छ। तर, ठेक्काको म्याद सकिन तीन महिना मात्रै बाँकी रहँदा भौतिक तथा आर्थिक प्रगति सुस्त छ।

यसबीच मधेश सरकारका मन्त्रीहरूले पटक-पटक विश्वविद्यालयको भवन निर्माणस्थल पुगेर स्थलगत अनुगमन तथा निरीक्षण गर्दै आएका छन्। पछिल्लोपटक अर्थमन्त्री युवराज भट्टराई, शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंह, प्रदेश सांसद माला कर्ण र पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहसहितको टोली कृषि नगर पुगेर निर्माणाधीन संरचनाको निरीक्षण गरेको छ। तर, बाँकी अवधिमै निर्माण कार्य कसरी सम्पन्न गर्ने भन्ने विषयमा ठोस निष्कर्ष भने निस्किन सकेको छैन।

'कृषि विश्वविद्यालयका सम्पूर्ण गतिविधि अहिले भाडाको घरबाट सञ्चालन भइरहेका छन्,' विश्वविद्यालयका रजिस्ट्रार डा. श्रीभगवान् ठाकुरले भने, 'कृषि नगरमा निर्माणाधीन भवनको अन्तिम म्याद नजिकिँदै गर्दा निर्माण कार्य समयमै सम्पन्न हुने अवस्था देखिँदैन। मधेश प्रदेश सरकारबाट ठेक्का सम्झौताअनुसारको बजेट प्राप्त भए निर्माण कार्य सम्पन्न गराउन विश्वविद्यालय परिवार प्रतिबद्ध छ।'

विश्वविद्यालयका सहकुलपतिसमेत रहेका प्रदेशका शिक्षा मन्त्री मनोजकुमार सिंहले भने आफ्नै कार्यकालमा एक वर्षभित्रै निर्माणाधीन पाँचवटै भवनको काम सम्पन्न गराउने दाबी गरेका छन्। 'विगतका कमजोरीलाई किनारा लगाउँदै प्रदेश सरकारको गौरव आयोजना मधेश कृषि विश्वविद्यालयलाई समुचित रूपमा व्यवस्थित गर्न लागिपरेको छु' मन्त्री सिंहले भने, 'अहिले ठेक्काको म्याद सकिन लागेकाले ठेकेदारलाई बोलाएको छु। एक वर्षको म्याद थप गरेर भए पनि भाडाको घरमा सञ्चालन भइरहेको विश्वविद्यालयलाई विषहरियास्थित कृषि नगरमा सार्नेछौँ। यसको परिवर्तन आगामी तीन महिनाभित्रै देख्न पाइन्छ।'

विश्वविद्यालय भवन निर्माणस्थलको स्थलगत निरीक्षणका क्रममा अर्थमन्त्री भट्टराईले पनि आवश्यक बजेटको व्यवस्था गर्ने प्रतिबद्धता जनाए। 'अहिलेसम्म निर्माण कार्यको ४५ प्रतिशत मात्रै प्रगति भएको छ। यो कमजोर पक्ष नै हो,' उनले भने, 'तर प्रदेश सरकारले विश्वविद्यालयलाई चलायमान बनाउन बजेटको दृष्टिकोणले कुनै कसर बाँकी राख्दैन।'

अर्थमन्त्री भट्टराई र शिक्षामन्त्री सिंहले विश्वविद्यालयको मंगलबार शैक्षिक गतिविधि, परीक्षा, अनुसन्धान तथा प्रशासनिक गतिविधिको समेत निरीक्षण गरेका थिए। उनीहरूले विद्यार्थी तथा शिक्षक-प्राध्यापकसँग छलफल गर्दै अध्यापनमा कुनै कमजोरी नगर्न र मधेश गौरवको योजनाका रूपमा रहेको यस विश्वविद्यालयलाई सोहीअनुसार स्थापित गर्न दत्तचित्त भएर काम गर्न निर्देशन दिएका थिए। हाल कृषि विश्वविद्यालयमा बीएससी एजीतर्फ चारवटा ब्याचका १ सय ५५ विद्यार्थी अध्ययनरत छन्। पाँचौं ब्याचका लागि भने भर्ना प्रक्रिया जारी रहेको विश्वविद्यालयले जनाएको छ।

## धनुषाधाममा बढ्दै पर्यटकीय आकर्षण

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज २१ गते**

मिथिलाको धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको परिचायकका रूपमा रहेको धनुषाधाम पछिल्ला वर्षमा धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास हुँदै गएको छ।




भगवान् श्रीरामसँग जोडिएको धार्मिक विश्वास, रामायणकालीन इतिहास, मिथिला संस्कृति तथा प्राकृतिक सौन्दर्यका कारण धनुषाधाममा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढ्दै गएको हो।

त्रेतायुगमा भगवान् श्रीरामले शिवधनुष भाँचेपछि त्यसको एक अंश पतन भएको विश्वास गरिएको धनुषाधाम हिन्दू धर्मावलम्बीका लागि महत्वपूर्ण तीर्थस्थल मानिन्छ। यही धार्मिक विश्वासका कारण नेपालका विभिन्न जिल्ला तथा छिमेकी मुलुक भारतबाट समेत दैनिक ठूलो संख्यामा श्रद्धालु तथा पर्यटक यहाँ आउने गरेका छन्।

जनकपुरधामबाट १८ किलोमिटर पूर्वमा अवस्थित धनुषाधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई सांस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाको समेत महत्वपूर्ण गन्तव्य हो। यहाँ रहेको धनुष मन्दिर, पवित्र सरोवर, प्राचीन वृक्ष, वनस्पति उद्यान, हरियाली वन क्षेत्र तथा शान्त वातावरणले धार्मिक यात्रालाई प्राकृतिक अनुभूतिसँग जोडिदिएको छ।

धनुषाधाम नगरपालिका-२ का स्थानीय छेबी दासका अनुसार पछिल्लो समय धनुषाधाममा पूजा-आराधनाका लागि आउने श्रद्धालुसँगै घुमफिर, अध्ययन तथा अनुसन्धानका उद्देश्यले आउनेको संख्या पनि बढेको छ। पहिले स्थानीय तथा आसपासका जिल्लाबाट मात्र बढी श्रद्धालु आउने गरेकोमा अहिले अन्य जिल्लाका साथै भारतबाट समेत पर्यटक तथा धार्मिक यात्रु

बाँकी पृष्ठ ४ ▸▸

## मधेशको शिक्षा क्षेत्रको सुधारका ...........

लागिपरेको उनको भनाइ छ।

नयाँ विश्वविद्यालय स्थापनाका लागि भवन निर्माणको प्रक्रिया समेत अघि बढिसकेको जानकारी दिँदै उनले उपलब्ध स्रोत र क्षमताअनुसार सबै पक्षले काममा केन्द्रित हुनुपर्ने बताए। मधेशका विद्यार्थी उच्च शिक्षाका लागि काठमाडौँ जानुपर्ने बाध्यतालाई सम्बोधन गर्नुपर्नेमा जोड दिँदै उनले भने, 'अहिले शिक्षा ऐन निर्माणको क्रममा छ। मधेश प्रदेशका शिक्षा क्षेत्रमा रहेका समस्या खोज र अध्ययनमार्फत पहिचान गरी मन्त्रालयमा पेस गर्न म राजर्षि जनक विश्वविद्यालयलाई अनुरोध गर्छु। मधेशमा पढाइ राम्रो हुन नसक्नुको कारण र सम्भावनामा पनि काम गर्नुपर्ने अवस्था छ।'

राजर्षि जनक विश्वविद्यालयले अन्य विश्वविद्यालयको स्तरसम्म पुग्न अझै धेरै मेहनत गर्नुपर्ने आवश्यकता रहेको पनि मन्त्री पोखरेलले बताए।

## जिल्ला प्रशासन सिरहामा पार्किङ जग्गामा अनधिकृत ................

सोही स्थानमा पार्किङका लागि टहरा निर्माण गर्नुको सट्टा पक्की संरचना निर्माण गरिएको छ। उक्त संरचनामध्ये एउटामा होटल र अर्कोमा फोटोकपी व्यवसाय सञ्चालन भईरहेको छ। अहिले होटल बन्द रहेको छ। तर नीजि क्षेत्रबाट फोटोकापी लगायतका कम्प्युटर सेवा प्रदान गर्ने काम भईरहेको छ। सरकारी स्वामित्वको जग्गामा निर्माण भएको संरचना र त्यसको प्रयोग सहमतिको उद्देश्यअनुसार भए-नभएको विषयमा प्रश्न उठेको छ। एक लेखापढी व्यवसायीले कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा दर्ता रहेको जग्गा जिल्ला प्रशासन कार्यालयको कम्पाउण्डभित्र रहे पनि वर्षौंदेखि एक व्यक्तिले व्यावसायिक प्रयोजनमा प्रयोग गर्दै आउनु कति न्यायसंगत र उपयुक्त हो भन्ने प्रश्न उठाएको छ।

सवारीसाधन पार्किङका लागि टहरा निर्माण गर्न दिइएको सहमतिलाई आधार बनाएर त्यसको स्वरूप परिवर्तन गरी पक्की संरचना निर्माण गरी होटल तथा फोटोकपी सञ्चालन गर्नु उचित नभएको उनले बताए। सरकारी कार्यालयको प्रयोजनका लागि रहेको जग्गा व्यक्तिको निजी व्यवसाय सञ्चालन गर्ने स्थलका रूपमा प्रयोग गर्न दिनु अघि अवैध भएको उनले बताए। सरकारी जग्गा सार्वजनिक प्रयोजनका लागि प्रयोग हुनुपर्ने हो। पार्किङका लागि टहरा निर्माण गर्न दिइएको सहमतिअनुसार काम हुनुपर्नेमा पक्की संरचना निर्माण गरेर वर्षौंदेखि व्यावसायिक गतिविधि सञ्चालन गर्न दिनु उपयुक्त होइन,' ती व्यवसायीले अपन दैनिकलाई बताए।

सम्बन्धित निकायले स्थलगत निरीक्षण गरी जग्गा प्रयोगको आधार, पक्की संरचना निर्माणको अनुमति, व्यवसाय सञ्चालनका लागि दिइएको स्वीकृति तथा सहमतिको उद्देश्यविपरीत संरचना निर्माण भए-नभएको विषयमा छानबिन गर्नुपर्ने माग गरेका छन्। साथै, सहमतिको उद्देश्यविपरीत निर्माण गरिएको संरचना हटाई सरकारी जग्गा खाली गराएर सम्बन्धित कार्यालयको प्रयोजनमा प्रयोग गर्नुपर्ने मागसमेत गरेका छन्। यता, कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहाका कोष नियन्त्रक तथा सूचना अधिकारी दिलीपकुमार साहले जिल्ला प्रशासन कार्यालयलाई सेवाग्राही तथा कर्मचारीका सवारीसाधन पार्किङका लागि उक्त स्थान प्रयोग गर्न सहमति दिइएको बताएका छन्।

जिल्ला प्रशासन कार्यालयले सेवाग्राही तथा कर्मचारीका सवारीसाधन पार्किङ गर्नका लागि सहमति मागेकाले सोही प्रयोजनका लागि सहमति दिइएको हो,' साहले भने, तर अहिले त्यहाँ सहमतिविपरीत फोटोकपी र होटल सञ्चालन भएको विषयमा जिल्ला प्रशासन कार्यालयले नै स्पष्ट पार्नुपर्ने हुन्छ।'

पार्किङका लागि टहरा निर्माण गर्न दिइएको सहमति कसरी पक्की संरचना निर्माण र निजी व्यावसायिक गतिविधि सञ्चालनसम्म पुग्यो भन्ने विषयमा सम्बन्धित निकायले स्पष्ट पार्नुपर्ने देखिएको छ। सरकारी जग्गाको प्रयोगमा पारदर्शिता, कानुनी प्रक्रिया र सार्वजनिक हित सुनिश्चित गर्न तत्काल स्थलगत अनुगमन गरी आवश्यक निर्णय लिनुपर्ने मागसमेत उठेको छ। यता जिल्ला प्रशासन कार्यालय सिरहाले आवश्यक अनुसंधान गर्ने जनाएको छ। वुधवार सञ्चारकर्मीहरुसँगको भेटमा यस सम्बन्धमा गरिएको प्रश्नमा भर्खरै सिरहा आएका प्रमुख जिल्ला अधिकारी शान्तिराज प्रसाईले आवश्यक अनुसधान गरी विधिसम्मत कार्य गरिने बताएका छन्।







# जनकपुरधामका दुई विद्यालयमा बाल अधिकार र बालश्रम रोकथामबारे सचेतना

अपन दैनिक संवाददाता
जनकपुरधाम, असोज २१ गते



जनकपुरधामका दुई विद्यालयमा बाल अधिकार तथा बालश्रम रोकथामसम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ।

द फ्रिडम फन्ड (The Freedom Fund) को आर्थिक सहयोग तथा गरिबी निवारण तथा वातावरण संरक्षण नेपाल (PEEPN) को आयोजनामा जनकपुरधाम-१४ मुजेलियास्थित श्री माध्यमिक विद्यालय र जनकपुरधाम-१९ शिवपुरस्थित श्री जनता माध्यमिक विद्यालयमा कार्यक्रम गरिएको हो।

कार्यक्रममा विद्यार्थीलाई बाल अधिकार, बालश्रमका कारण र त्यसबाट पर्ने असर, बाल संरक्षण, शिक्षाको महत्व तथा बालबालिकाको सुरक्षित भविष्यलगायत विषयमा प्रशिक्षण आलोकनाथ झाले दिइएको थियो।

गरिबी निवारण तथा वातावरण संरक्षण नेपालका अध्यक्ष सिताराम यादवका अनुसार बालबालिका श्रममा संलग्न हुनुका कारण तथा त्यसले उनीहरूको शिक्षा, स्वास्थ्य, मानसिक अवस्था र भविष्यमा पार्न सक्ने असरबारे विद्यार्थीलाई सचेत गराइएको थियो।

कार्यक्रमको संयोजन धिरेनकुमार मण्डलले गरेका थिए।

बालश्रम अन्त्य तथा बालबालिकाको अधिकार सुनिश्चित गर्न परिवार, विद्यालय, समुदाय, स्थानीय सरकार र सम्बन्धित सरोकारवाला निकायबीच प्रभावकारी सहकार्य आवश्यक रहेकोमा कार्यक्रममा जोड दिइएको थियो।

बालबालिकालाई श्रममा लगाउने अवस्थाको अन्त्य गर्दै उनीहरूलाई शिक्षाको पहुँचमा ल्याउन र सुरक्षित वातावरण निर्माण गर्न सबै पक्ष जिम्मेवार बन्नुपर्ने सहभागीहरूले बताएका थिए।




## मधेशमा चाडपर्व सुरक्षा कडा पारिंदै, ३३ दिनमा ७ हजार .............

.............

प्रदेशका विभिन्न स्थानमा ७ हजार २२९ प्रहरी परिचालन गरिनेछ।

विशेष सुरक्षा योजनाअन्तर्गत सबैभन्दा बढी प्रहरी धनुषामा १ हजार ५९९ जना परिचालन गरिनेछ। बारामा ८७०, रौतहटमा ८६३, सप्तरीमा ८५७, सर्लाहीमा ७९२, महोत्तरीमा ७४७, पर्सामा ६६१ र सिरहामा ६५१ प्रहरी परिचालन गर्ने योजना रहेको एसएसपी ढकालले बताए।

चाडपर्वका क्रममा सुरक्षा व्यवस्थापनका लागि १ हजार १२४ वटा ड्युटी तोकिएको छ। ती ड्युटीमा ५ हजार ४८१ प्रहरी परिचालन हुनेछन्।

योजनाअनुसार १४ जिल्ला रिजर्भ, ९२ क्विक रेस्पोन्स टिम (क्युआरटी), १८ स्ट्राइकिङ टोली, ट्राफिकसहितको ८७ वटा चेकिङ, ८६ मोबाइल गस्ती र १८० वटा पैदल गस्ती परिचालन गरिनेछ।

त्यसैगरी, शंकास्पद स्थानमा पिकेटका लागि ३३९, राजमार्गमा स्कर्टिङका लागि २९ र यात्रु सहायता कक्षका लागि ६४ ड्युटी परिचालन गरिनेछ।

सीमानाकामा चोरी-तस्करी नियन्त्रणका लागि ७३, धार्मिक तथा पर्यटकीय स्थलको सुरक्षाका लागि ३७, बजार अनुगमनका लागि २१ तथा कर्डन र सर्चका लागि १८ ड्युटी परिचालन गर्ने योजना रहेको प्रहरीले जनाएको छ।

सभा, जुलुस तथा धर्नाका क्रममा आकस्मिक सुरक्षा व्यवस्थापनका लागि १६ टोली र विपत् प्रतिकार्यका लागि २२ टोलीसमेत परिचालन गरिनेछ।

## सिरहामा ब्राउन सुगरजस्तो पदार्थसहित ..........

प्लास्टिकसहित तौल गर्दा उक्त पदार्थको तौल १५१.१०७ ग्राम र प्लास्टिक हटाउँदा १४३.७४० ग्राम रहेको प्रहरीले जनाएको छ।

मोटरसाइकलमा पछाडि सवार सोही ठाउँका ३५ वर्षीय आईसोत मण्डललाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ। उनीहरूको साथबाट उक्त पदार्थसँगै दुई थान स्क्रिन टच मोबाइल र मोटरसाइकलसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

दुवै जनालाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।




## धनुषाधाममा बढ्दै पर्यटकीय .............

आउने क्रम बढेको उनले बताए।

धनुषाधामको महत्व रामायणकालीन प्रसङ्गसँग जोडिएको छ। जनकपुरमा आयोजित स्वयंवरमा भगवान् श्रीरामले शिवधनुष उठाएर प्रत्यञ्चा चढाउने क्रममा धनुष भाँचिएको र त्यसको एक अंश धनुषाधाम क्षेत्रमा आएर खसेको धार्मिक विश्वास रहिआएको छ। यही विश्वासले धनुषाधामलाई हिन्दू धर्मावलम्बीको विशेष आस्थाको केन्द्र बनाएको धनुषाधाम मन्दिरका पुजारी भरत दासले बताए।

“कहिलेकाहीँ मात्र भारतीय पर्यटक आउँथे तर राम जन्मभूमि अयोध्यामा राममन्दिर बनेपछि यहाँ पनि भारतीय पर्यटक आउने क्रम बढेको हो”, उनले भने। पुजारी दासका अनुसार अहिले दैनिक पाँच सयदेखि आठ सयसम्म भारतीय पर्यटक तथा श्रद्धालु धनुषाधाम आउने गरेका छन्। विशेष पर्व तथा धार्मिक अवसरमा भने यहाँ आउने श्रद्धालुको संख्या अझ बढ्ने गरेको उनले बताए।

धनुषाधाम क्षेत्रमा पछिल्लो समय भारतीय पर्यटकको आगमन बढ्नुले स्थानीय व्यवसायमा समेत सकारात्मक प्रभाव पारेको छ। होटल, लज, पसल, फूलमाला, प्रसाद तथा अन्य धार्मिक सामग्रीको बिक्री बढेको स्थानीय व्यवसायी बताउँछन्।

स्थानीय व्यवसायी लोचन साहका अनुसार विशेष पर्वका समयमा धनुषाधाममा उल्लेख्य चहलपहल हुने गरेको छ। “पर्यटक तथा श्रद्धालु बढेपछि होटल, लज, पसल र साना व्यवसायमा कारोबार बढेको छ। स्थानीय उत्पादन, फूलमाला, प्रसाद तथा हस्तकलाका सामग्रीको बिक्रीमा पनि वृद्धि भएको छ”, उनले भने।

धार्मिक पर्यटकको आगमनले स्थानीय युवालाई स्वरोजगारका अवसर समेत सिर्जना गर्न थालेको उनको भनाइ छ। पर्यटकका लागि आवश्यक सेवा तथा सामग्री उपलब्ध गराउने व्यवसाय विस्तार हुँदा स्थानीयस्तरमा आम्दानीको स्रोत बढ्दै गएको छ।

धनुषाधामलाई बृहत् धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य रहेको पुजारी दासले बताए। उनका अनुसार धनुषाधामको धार्मिक महत्वलाई अन्तर्राष्ट्रियस्तरसम्म पुर्‍याउन संघीय, प्रदेश तथा स्थानीय तीनै तहका सरकारबीच समन्वय आवश्यक छ।

“धनुषाधामलाई बृहत् धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने सपना हो”, पुजारी दासले भने, “त्यही सपनालाई मूर्त रूप दिन संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई आग्रह गर्दै आएका छौं।” उनका अनुसार संघीय सरकारको सहयोगमा मन्दिर परिसरमा ढलानलगायत केही पूर्वाधार निर्माणका काम भएका छन्। प्रदेश सरकारबाट समेत थप सहयोगको आश्वासन प्राप्त भएको उनले बताए।

धनुषाधाममा वर्षभरि नै धार्मिक गतिविधि हुने गरे पनि माघे औंसी, रामनवमी, विवाहपञ्चमी, एकादशी तथा अन्य महत्वपूर्ण पर्वका अवसरमा विशेष भीड लाग्ने गरेको छ। यस्ता अवसरमा नेपालका विभिन्न स्थानका साथै भारतबाट समेत ठूलो संख्यामा श्रद्धालु आउने गरेका छन्। स्थानीय सरकारले योजनाबद्ध ढङ्गले पूर्वाधार विकास गर्न सके धनुषाधाम मिथिलाञ्चलकै ठूलो धार्मिक तथा पर्यटकीय केन्द्र बन्न सक्ने स्थानीयवासीको विश्वास छ।

धनुषाधामको विशेषता धार्मिक महत्वमा मात्र सीमित छैन। यहाँको प्राकृतिक सौन्दर्य पनि पर्यटकका लागि आकर्षणको विषय बनेको छ। मन्दिर परिसरको शान्त वातावरण, हरियाली वन क्षेत्र, खुला आकाशमुनिको प्राकृतिक दृश्य तथा जैविक विविधताले पर्यटकलाई फरक अनुभूति दिने गरेको छ। पछिल्ला वर्षमा विकसित वनस्पति उद्यानले धनुषाधामलाई धार्मिक पर्यटनसँगै पर्यावरणीय पर्यटनको सम्भावना बोकेको गन्तव्यका रूपमा समेत चिनाउन थालेको धनुषाधाम वनस्पति उद्यानका प्रमुख मो. ताहिर हुसेनले बताए।

धार्मिकस्थलको भ्रमणसँगै प्रकृति अवलोकन, वनस्पति अध्ययन तथा जैविक विविधताको अनुभव लिन चाहनेका लागि धनुषाधाम उपयुक्त गन्तव्य बन्न सक्ने उनले बताए। ३६० हेक्टर क्षेत्रफलमा फैलिएको धनुषाधाम वनक्षेत्रभित्र चिडियाखाना निर्माण गर्ने योजना अघि सारिएको छ।

धनुषाधाम वनक्षेत्रभित्र रहेको पानी कहिल्यै नसुक्ने बान गङ्गा तथा वनक्षेत्रमा रहेका दक्षिण एसियामै लोपोन्मुख अवस्थामा रहेको ‘ग्रे हर्नबिल’ लगायतका चराचुरुङ्गीको संरक्षणसँगै चिडियाखाना निर्माण भएपछि पर्यटकको आकर्षण थप बढ्ने र धनुषाधाममा पर्यटकको बसाइ अवधि समेत लम्ब्याउन सकिने वनस्पति उद्यानका प्रमुख हुसेनको विश्वास छ।

धनुषाधामलाई जनकपुरधामसँग जोडेर ‘रामायण सर्किट’का रूपमा विकास गर्न सके धार्मिक पर्यटनमा ठूलो सम्भावना रहेको स्थानीय व्यवसायीको भनाइ छ। स्थानीय व्यवसायी लोचन साहका अनुसार भारतको अयोध्या, सीतामढी, जनकपुरधाम हुँदै धनुषाधामसम्म जोडिने धार्मिक मार्ग निर्माण तथा प्रवर्द्धन गर्न सके अन्तरदेशीय धार्मिक पर्यटन विस्तारमा महत्वपूर्ण योगदान पुग्न सक्छ। अयोध्यामा राममन्दिर निर्माणपछि भगवान् श्रीरामसँग सम्बन्धित धार्मिकस्थलप्रति भारतीय श्रद्धालुको चासो बढिरहेको अवस्थामा धनुषाधामले पनि त्यसबाट लाभ लिन सक्ने उनले बताए।

नेपाल र भारतबीच धार्मिक तथा सांस्कृतिक सम्बन्ध पुरानो रहेकाले जनकपुरधाम र अयोध्याबीचको धार्मिक सम्बन्धलाई धनुषाधामसम्म विस्तार गर्न सके यस क्षेत्रको पर्यटन विकासमा नयाँ सम्भावना खुल्ने स्थानीयवासी बताउँछन्।

धनुषाधाममा पर्यटकको आगमन बढेसँगै स्थानीय सरकारले भौतिक पूर्वाधारको विकासमा जोड दिएको छ। धनुषाधाम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिन भट्टराईका अनुसार धार्मिक पर्यटनलाई व्यवस्थित र आकर्षक बनाउन मन्दिर क्षेत्रको सौन्दर्यीकरण, सडक सुधार, सरसफाइ, विश्रामस्थल निर्माण, खानेपानी तथा शौचालय व्यवस्थापनलगायतका पूर्वाधार विकासका कामलाई प्राथमिकता दिइएको छ।

“धार्मिक सम्पदाको संरक्षणसँगै पर्यटकमैत्री वातावरण निर्माण गर्न विभिन्न योजना कार्यान्वयन भइरहेका छन्”, उनले भने, “धनुषाधामलाई व्यवस्थित धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण र संरक्षणका कामलाई प्राथमिकता दिएका छौं।”

धनुषाधाममा पर्यटकको संख्या बढ्दै गए पनि फोहोर व्यवस्थापन, पर्याप्त पार्किङ, सूचना केन्द्र, दक्ष पर्यटक पथप्रदर्शक, डिजिटल सूचना प्रणाली तथा पर्याप्त आवास सुविधाको आवश्यकता अझै रहेको स्थानीय सरोकारवालाको भनाइ छ। पर्यटकको बढ्दो चापलाई व्यवस्थित गर्न तत्कालीन र दीर्घकालीन योजना आवश्यक रहेको स्थानीयको कथन छ। धार्मिकस्थलको मौलिकता जोगाउँदै आधुनिक पर्यटकीय सुविधा विस्तार गर्न सके धनुषाधामको आकर्षण अझ बढ्ने अपेक्षा गरिएको छ।

पछिल्लो समय धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकसित हुँदै गएको धनुषाधामलाई संस्कृति र स्थानीय अर्थतन्त्रसँग जोड्नु पर्ने बुद्धिजीविको सुझाव छ।

संस्कृतिविद् तथा मधेश प्रदेशसभाका सभामुख रामअशिष यादव धार्मिक पर्यटनलाई केवल मन्दिर दर्शनमा सीमित नगरी स्थानीय संस्कृति, मिथिला कला, परम्परागत खानपान, लोकसंगीत तथा प्राकृतिक सम्पदासँग जोड्नु पर्ने बताउँछन्। उनका अनुसार धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै सांस्कृतिक सम्पदाको संरक्षणमा समेत महत्वपूर्ण योगदान पुर्‍याउन सक्छ।

“धार्मिक पर्यटनलाई मन्दिर दर्शनमा मात्र सीमित गर्नु हुँदैन”, उनले भने, “यसलाई स्थानीय संस्कृति, मिथिला कला, परम्परागत खानपान, लोकसंगीत र प्राकृतिक सम्पदासँग जोड्न सक्नु पर्छ।” धनुषाधामलाई जैविक उद्यानका रूपमा विकास गर्न सकिए यसबाट पर्यटकको बसाइ अवधि बढ्नुका साथै स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सिर्जना र सांस्कृतिक सम्पदाको संरक्षणमा समेत सहयोग पुग्ने उनको भनाइ छ।

धनुषाधाममा आउने धेरै श्रद्धालुले धार्मिक आस्थासँगै शान्त वातावरण, प्राकृतिक हरियाली र आध्यात्मिक अनुभूतिको खोजी गर्ने गरेका छन्। यसले धनुषाधामलाई केवल पूजा गर्ने स्थल नभई मानसिक शान्ति, पारिवारिक भ्रमण तथा धार्मिक अध्ययनका लागि समेत उपयुक्त गन्तव्यका रूपमा स्थापित गर्दै गएको छ। धनुषाधामको धार्मिक तथा प्राकृतिक सम्पदा संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्नु अहिलेको प्रमुख आवश्यकता देखिएको छ।

पर्यटकको संख्या बढ्दै जाँदा सम्पदामा पर्ने सम्भावित दबाबलाई ध्यानमा राखेर फोहोर व्यवस्थापन, वातावरण संरक्षण, व्यवस्थित पार्किङ तथा पर्यटकको आवागमन व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने स्थानीय सरोकारवालाको भनाइ छ। धार्मिक सम्पदाको संरक्षण, प्राकृतिक वातावरणको जगेर्ना तथा आधुनिक पर्यटकीय पूर्वाधार निर्माणबीच सन्तुलन कायम गर्न सके धनुषाधाम दीर्घकालीन रूपमा आकर्षक गन्तव्य बन्न सक्नेछ।

धनुषाधामको विकास केवल एउटा धार्मिकस्थलको विकास नभई मिथिलाको इतिहास, संस्कृति र प्राकृतिक सम्पदाको संरक्षणसँग समेत जोडिएको विषय हो। त्यसैले यसको विकासमा संघीय, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र तथा स्थानीय समुदायबीच सहकार्य आवश्यक रहेको सभामुख यादवको बुझाइ छ।

धार्मिक आस्था, रामायणकालीन इतिहास, प्राकृतिक सम्पदा र स्थानीय आतिथ्य संस्कृतिको अनुपम सङ्गम बनेको धनुषाधाम आज श्रद्धालु तथा पर्यटकको रोजाइमा पर्दै गएको छ। आवश्यक पूर्वाधार निर्माण, प्रभावकारी प्रचारप्रसार, स्थानीय संस्कृति र उत्पादनको प्रवर्द्धन तथा सम्पदाको दिगो संरक्षणमा जोड दिन सके धनुषाधामले मधेश प्रदेशको धार्मिक पर्यटन विकासमा मात्र नभई नेपालको समग्र पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने देखिन्छ।

धनुषाधामलाई अयोध्या-सीतामढी-जनकपुरधामसँग जोड्दै अन्तरदेशीय धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सके यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक गतिविधिमा समेत उल्लेख्य परिवर्तन ल्याउन सक्ने सम्भावना छ।